# आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

**याङवरक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थर्पु, पाँचथर**

२०८१ साल असार १० गते सोमवार  उपाध्यक्ष श्री बाबा मेयाङवो ज्यूले गाउँसभामा प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

## याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर

## खण्ड १ – परिचय र समीक्षा

### १.१ पृष्ठभूमी

**सम्मानित सभाध्यक्ष महोदय, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, सभा सचिवालय कर्मचारी ज्यूहरु, पत्रकार, सुरक्षा कर्मी ज्यूहरु।**

- नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार तिन तहको सरकार अन्तर्गत यस याङवरक गाउँपालिकाको आगामी दिनको सुनौलो भाग्य र भविष्यको मार्गचित्र कोर्नको लागी आ.व. २०८१।०८२ को बजेट यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महशुस गरेको छु।
- नेपाल सरकारले **समृद्ध नेपाल सुखी नेपाली**को उद्देश्य परिकल्पना गरेर विगतमा आफ्ना योजना तथा कार्यक्रमहरु अघि सारेको छ। तसर्थ मैले पनि आज याङवरक गाउँपालिकाको वार्षिक बजेट बक्तब्य पेश गर्दा सोही उद्देश्यलाई सहयोग पुग्ने गरी पेश गरेको छु। यस क्षेत्रको सर्वाङ्गीण तथा सन्तुलित विकास गर्दै गाउँबासीहरुको समग्र आर्थिक सामाजिक स्तरमा अभुतपुर्ण रुपमा सकारात्मक परिवर्तन ल्याउन गाउँपालिका परिवार लागेको छ। यस गाउँपालिकालाई बालमैत्री, महिलामैत्री, अपागंमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा वातावरणमैत्री गाउँपालिकाको रुपमा विकास गर्दै, सुशासन, पारदर्शिता कायम गर्दै, छिटो छरितो र प्रभावकारी सेवा प्रवाह गर्दै नेपालकै नमुना गाउँपालिकाको रुपमा विकास गर्न हामी दत्तचित्तका साथ लागि परेका छौं। यस कार्यमा सहयोग प्रदान गर्न सम्पुर्ण जनप्रतिनिधि, बुद्धिजिवि, समाजसेवी, गाउँबासी तथा सरोकारवालाहरुको रचनात्मक सहयोगको अपिल गर्दछु।

**सम्मानित सभाध्यक्ष महोदय,**
अब म यस गाउँपालिकाको आ.व. २०८१।०८२ को बार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. आगामी आर्थिक वर्ष २०८१।०८२ को लागी अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आयबाट रू. ७० लाख अनुमान गरिएको छ। नेपाल सरकारबाट बित्तीय समानिकरण शिर्षकमा प्राप्त अनुदान रु. ८ करोड ८० लाख, सशर्त अनुदान शिर्षकमा प्राप्त अनुदान रु. २२ करोड ८८ लाख, विशेष अनुदान शिर्षकमा प्राप्त अनुदान रु. १ करोड ५० लाख रहेको छ भने राजश्व वाँडफाँड बाट रु. ८ करोड ४६ लाख ७६ हजार ४ सय ७५ रुपैया प्राप्त हुने भएको छ भने रोयल्टी बाँडफाडबाट ४१ लाख २३ हजार ५ सय २५ रुपैया रहेको छ। कोशी प्रदेश सरकारवाट वित्तीय समानिकरण शिर्षकमा रु. ५१ लाख ६२ हजार, समपुरक अनुदानमा रु. १ करोड, सशर्त अनुदानमा रू. २ करोड २ लाख ७८ हजार प्राप्त हुने अनुमान रहेको छ। त्यसै गरी सवारी साधन करको राजश्व वाँडफाँडवाट रू. ४५ लाख ३५ हजार प्राप्त हुने अनुमान गरिएको छ भने बाँडफाँड भई प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन दस्तुरबाट रु ५ लाख प्राप्त हुने अनुमान गरिएको छ । यसरी आगामी आ.व. २०८१।०८२ को लागि कूल रु. ४६ करोड ८० लाख ७५ हजार बजेट विनियोजन गरेको छु। विनियोजन मध्ये गाउँपालिका तथा वडा कार्यालयको प्रशासनिक खर्च तर्फ रू. ८ करोड ६० लाख ५० हजार विनियोजन गरेको छु।

२. शिक्षक, विद्यालय कर्मचारी, वालविकास सहजाकर्ता, स्वास्थ्य कर्मी, तलव भत्त र बिकास निर्माणका योजना/कार्यक्रम तर्फ ३८ करोड २० लाख २५ हजार बिनियोजन गरेको छु।

३. सशर्त अनुदान अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त हुने रु. २२ करोड ८८ लाख र कोशी सरकारबाट प्राप्त हुने रु. २ करोड २ लाख ७८ हजार लाइ सोही योजना/कार्यक्रममा खर्च हुने गरी बिनियोजन गरेको छु।

४. समपुरक अनुदान अन्तर्गत प्रदेश सरकारबाट प्राप्त हुने बजेट रू. १ करोडमा नियमानुसार गाउँपालिकाको साझेदारी निश्चित गरी सोही शिर्षकमा नै कार्यान्वयन हुने गरी विनियोजन गरेको छु।

५. सङ्घीय सरकारले उपलब्ध गराएको विशेष अनुदान बापतको १ करोड ५० लाख बजेटलाई सोही आयोजनामा कार्यान्वयन गर्ने गरी विनियोजन गरेको छु।

६. कोशी प्रदेश सरकारले तर्जुमा गरेको स्थानीय तहको पदाधिकारीको सेवा सुविधा सम्वन्धी ऐनमा उल्लेख भएको सेवा सुविधा पाउने गरी जनप्रतिनिधिको सेवा सुविधाको लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

७. सङ्घीय तथा प्रादेशिक सरकारले उपलब्ध गराएको समपुरक अनुदान, सहयोगी दातृ निकायहरु संग पेश भएका प्रस्तावना तथा कार्यपालिकाको निर्णय बमोजिम साझेदारी कार्यक्रमहरु संचालन गर्नको समपुरक कोष (Matching Fund) को लागि एकमुष्ट रु ५० लाख विनियोजन गरेको छु ।

८. बिषयगत क्षेत्रमा कार्यक्रम अनुसार छुट्याइएको बजेट अनुसुचिमा उल्लेख गरेको छु । यहाँ म शिर्षक अनुसार विनियोजित रकम मात्र प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक बिकासः-**

- कृषिलाई याङवरकको आकर्षण, कृषिमा आधारित पर्यटन भन्ने दिर्घकालिन सोचलाई सार्थक बनाउन कृषि व्यवसायलाई आधुनिकीकरण तथा यान्त्रीकरण सहित उत्पादकत्व वृद्धि तथा आय स्रोतको मूख्य आधार वनाउन आगामि आर्थिक वर्षमा कृषिक्षेत्रका लागि विभिन्न योजना तथा कार्यक्रमहरुका लागि एकमुष्ट **रु २० लाख** रकम विनियोजन गरेकोछु ।
- गुणस्तरीय स्वच्छ र दिगो पशुपन्छीजन्य उत्पादन, सुरक्षासहितको खाद्य सम्प्रभुता कुपोषणको समस्या न्यूनीकरण, स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट याङवरकलाई आर्थिक, खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ पशुपन्छी क्षेत्रका लागि वडा तथा गाउँपालिका स्तरमा विभिन्न योजना तथा कार्यक्रमका लागि एकमुष्ट **रु २० रकम** विनियोजन गरेकोछु ।

**पर्यटन**

- याङवरक गाउँपालिकाको समग्र पर्यटकीय क्षेत्रको विकास तथा निर्माणधिन निशान कालिकाधाम तथा याङवरक पोखरी संरक्षणको लागि एकमुष्ट **रु १ करोड** विनियोजन गरेकोछु ।
- याङवरक गाउँपालिकाको रमणीय वजभोज स्थलकोरुपमा चिनिएको कालोपानी क्षेत्रको विष्तित सम्भाव्यता अध्ययनको लागी **रु ६ लाख** विनियोजन गरेको छु ।
- गाउँपालिका क्षेत्रका अन्य पर्यटकृय स्थलहरुको विकासको लागी **रु १८ लाख** विनियोजन गरेको छु ।
- याङवरक गेट निर्माणको लागी रु १० लाख विनियोजन गरेको छु ।

**सहकारी**

- गाउँपालिका भित्रका सहकारी संस्थाहरुको सर्वाङ्गीण विकासको लागि रु १० लाख विनियोजन गरेको छु ।

**सामाजिक बिकासः**

**शिक्षाः**

विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारकालागि शिक्षक, कर्मचारी तथा स.का. हरुको क्षमता विकास गर्न तालिम कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । विद्यालय कर्मचारी तथा स.का. हरुलाई श्रम ऐनले तोके बमोजिमको मासिक न्यूनतम पारिश्रमिक पुर्याउनको लागि सङ्घीय सरकारबाट प्राप्त रकममा थप गरेको छ । समस्त गाउँपालिका भित्र विद्यालय र शिक्षा क्षेत्रको सुधारको लागी एकामुष्ठ **रु १ करोड ४० लाख** बजेट विनियोजन गरेकोछु ।

**स्वास्थ्यः**

नेपाल सरकारले निःशुल्क रुपमा उपलब्ध गराउने भनी तोकिएका औषधी स्वास्थ्य संस्था मार्फत जनतालाई निःशुल्क उपलब्ध गराउन लगायत गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्था तथा पोषणको सुधार र विकासको लागि तथा याङवरक आँखा उपचार केन्द्र संचालनको लागी  रु **१ करोड २० लाख** विनियोजन गरेको छु।

**खानेपानी**

- गाउँपालिका भित्र केही नयाँ खानेपानी आयोजना निर्माण र विगत आ.ब. हरुबाट निर्माण गर्न शुरु गरिएको खानेपानी आयोजनालाई निरन्तरता दिई यो आ.ब. मा सम्पन्न गरिनेछ।
- गाउँपालिकाको विकास निर्माणको कारण पाईप टुटफुट भई अवरोध हुने खानेपानी आयोजनाहरुको सन्दर्भमा एकमुष्ट पाईप खरिद गरी आबश्यकता अनुसार वितरण गरिनेछ।
- खानेपानी मुल मर्मत, अधुरा आयोजनाको निरन्तरता,  आवश्यक स्थानमा पाईप खरिद, बिभिन्न मुल मर्मत लगायत खानेपानीको क्षेत्रमा एकमुष्ट रु. **२० लाख बिनियोजन** गरेको छु।

**खेलकुदः**

- खेलकुद कार्यक्रम प्रवर्द्वन, विभिन्न खेलकुद प्रतियोगीता साथै राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको लागी एकमुष्ट रु. **२७ लाख** विनियोजन गरेको छु।
- खेलकुदको विकासको लेख पूर्वाधार निर्माणको आवश्यक पर्ने भएको हुँदा थर्पु क्याम्पस खेलमैदान निर्माण १५ लाख, दारिम्बा खेलमैदान निर्माण ५ लाख, मुकुबुङ खेलमैदान निर्माण १० लाख, धर्मभक्त खेलमैदान निर्माण ५ लाख, वेतेनी खेलमैदान ५ लाख, लुम्बाङ्गु खेलमैदान १ लाख ५० हजार गरी **रु ४० लाख ५०** हजार विनियोजन गरेको छु।

**संस्कृति प्रवर्द्धन**

- गाउँपालिका क्षेत्र भित्रका धर्म संस्कृति भाषा कला साहित्यहरुको उत्थान र विकासको लागि एकमुष्ठ रु **६ लाख** विनियोजन गरेको छु।
- शेर्पा संघ भवनको लागी **रु २ लाख** विनियोजन गरेको छु।
- फलैचा माङगेनालुङ व्यवस्थापनको लागी रु ३ लाख, फलैचा जनजाती भवन निर्मणको लागी रु ५ लाख, भोटेगढी माङहिमको लागी रु १ लाख, जनजाती भवन मर्मत याङवरक वडा नं. १ को लागी २ लाख, तिम्तिबु चर्च निर्माणको लागी रु २ लाख, वडा नं. किराँत माङहिमको लागी रु ३ लाख विनियोजन गरेको छु।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरणः**

- लैंगिक समानता तथा सामाजिक समावेशिकरण अन्तर्गत महिला, दलित, अपाङ्ग, बालबालिकाहरुको सशक्तिकरण तथा सीप, क्षमता बिकासमा जोड दिइनेछ। राज्यले प्रदान गर्ने सेवा सुविधा प्राप्त गर्ने अवसर प्रदान गरिनेछ। लैंगिक समानता तथा सामाजिक समावेशिकरण शिर्षकमा र कोशी प्रदेश सामाजिक विकास मन्त्रालयसँगको साझेदारीमा अपाङ्गता रोकथाम र पुनस्थापनको लागि समेत गरि जम्मा रू. **७ लाख र** महिला बालबालिक सम्बन्धी विभिन्न गतविधि संचालन गर्नको लागि **रु १० लाख** विनियोजन गरेको छु**।**
- संरक्षण विहिन अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक आश्रम निर्माणको लागी रु ५ लाख विनियोजन गरेको छु।

**पूर्वाधार बिकास**

**सडक तथा झोलुङ्गेपुल**

- प्रदेश सरकार सँगको साझेदारीमा निमार्ण कार्य भईरहेका ५ वटा झोलुङ्गे पुलको साझेदारी वापतको रकम रु **१६ लाख** विनियोजन गरेको छु ।
- च्याङथापु कुवापानी ढाँडेगाउँ सुन्दरपुर मोटरबाटोको लागी रु १० लाख विनियोजन गरेको छु ।
- भोटेगाउँ वारेबुङ चरिभञ्ज्याङ सडक निर्माणको लागी रु ८ लाख विनियोजन गरेको छु ।
- गाउँपालिका प्रशासकीय भवन जाने मोटरबाटो निर्माण तथा स्तरउन्नतीको लागी रु १४ लाख विनियोजन गरेको छु ।

**सिंचाईः**

- संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, साना सिंचाइ र उपभोक्ताको साझेदारीमा संचालीत सिंचाई योजनाहरु संचालन गर्नको लागि गाउँपालिकाको साझेदारी वापत एकमुष्ठ रु **८४ लाख ५० हजार** विनियोजन गरेको छु ।

**अन्य पूर्वाधार**

- यस गउँपालिकाको सर्वाङ्गीण पूर्वाधार विकास तथा पालिका स्तरिय पापतकालिन पूर्वाधार निर्माण तथा मर्मत सम्भारको लागि रु **४० लाख ४७ हजार** विनियोजन गरेको छु ।

**बातावरण तथा बिपद ब्यबस्थापनः**

**वन बातावरण, भू – संरक्षण र जलबायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, विपद् व्यस्थापन**

- वन, वातावरण तथा भू संरक्षणको कार्यक्रमलाई निरन्तरदा दिएको छु । विपद ब्यबस्थापनको लागी आबश्यक तयारी गरेको छु । बाढी पहिरो भू-क्षय जस्ता प्राकृतिक प्रकोप रोकथामको लागी वृक्षारोपण कार्यक्रम गर्न टोल विकास संस्थालाई परिचालन गर्ने सोच राखेको छु ।
- भौगोलिक विकटताको कारण जान सक्ने पहिरोलाई मध्यनजर गर्दै आवश्यक स्थानमा तार जाली लगाई सडकको संरक्षण गरिनेछ ।
- विपद व्यस्थापनको लागी तारजाली, पाइप र जस्तापाता खरिद गरी वितरण गर्नको लागी एकमुष्ठ रु १५ लाख विनियोजन गरेको छु ।
- फोहोरमैला तथा ढल व्यवस्थापनको लागी एकमुष्ठ **रु ५ लाख** विनियोजन गरेको छु ।
- यस गाउँपालिकामा हुन सक्ने विपद बाढी पहिरो आगलागी जस्ता विपदलाई उद्दार तथा राहात र न्युनिकरणको लागि विपद व्यवस्थापन कोषमा एकमुष्ठ **रु ८ लाख** विनियोजन गरेको छु ।

**संस्थागत बिकास र सेवा प्रवाह र सूशासन**

- न्यायिक समितिको काम कारबाहिलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउँदै स्थानीय नागरिकको विवाद समाधान सहज रुपले गर्न सचिवालय तथा मेलमिलाप कक्ष व्यवस्थापनको लागि **रु. ५ लाख** बिनियोजन गरेको छु ।
- स्थानीय सरकारको रुपमा हाल सम्म गरेका उल्लेखनीय, महत्वपुर्ण कामहरु जनतालाई सुनाउने तथा जनताका पीर मर्काहरु सुन्ने गरी सार्वजनिक सुनुवाईको लागि एकमुष्ठ **रु ५ लाख** विनियोजन गरेको छु ।
- सामाजिक परिक्षणको लागी रु ५ लाख लै.स.सा. परिक्षणको लागी रु २ लाख शान्ती सुरक्षा व्यवस्थापन तथा च्याङथापु, गणेश चोक र थर्पु बजार सि.सि. क्यामरा मर्मतको लागी रु ७ लाख विनियोजन गरेको छु ।
- गाउँपालिका ५ वर्षे वृत्त चित्र निर्माण र याङवरक सन्देश पत्रीका प्रकाशन कार्य निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

- गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त प्रभावकारी सूचना प्रविधि मैत्री जवाफदेही सुरक्षित बनाउनको लागि एकमुष्ट **रु १५ लाख** विनियोजन गरेको छु ।
- गाउँपालिका क्षेत्र भित्रको अव्यवस्थित बसोवास तथा भूमी व्यवस्थापनको लागि **रु ५ लाख** विनियोजन गरेको छु ।
- सङ्घीय सरकार सँगको साझेदारीमा प्रधानमन्त्री रोजगार कार्यक्रम तथा वेरोजार व्यक्तिहरुको सुरक्षाका सरसमान खरिद गर्न र अभिमुखिकरण कार्यक्रम संचालन गर्नका  लागि एकमुष्ट  **रु ५ लाख** विनियोजन गरेकोछु ।
- गाउँपालिकामा हुनसक्ने विभिन्न प्रकारका आकस्मिक विपदको समाधान गर्नको लागि आकस्मिक कोष खडा गरिएको छ । उक्त आकस्मिक कोषको लागि **रु १० लाख** विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका विभिन्न क्षेत्रहरुको सम्भाव्यता अध्ययन विस्तृत परियोजना निर्माण, गुरुयोजना निर्माण तथा पुजिगत अनुसन्धान तथा विकासको लागी रु १० लाख विनियोजन गरेको छु ।
- भैपरी आउने पुँजिगत कोषको लागि **रु २ लाख** विनियोजन गरेको छु ।
- कर्मचारी कल्याण कोषलाई निरन्तरता दिएको छ । जुनकोषको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका कर्मचारी प्रोत्साह ऐन, नियमावली र कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता (व्यवस्थापन) कार्यविधि बोमोजिम विगत वर्ष देखी उपलब्ध गराउदै आएको प्रोत्साह भत्ता लाई आगामि आ.व.मा पनि उपलब्ध गराइनेछ । सो का लागि आवश्यक रकम विनियोजन गरेकोछु । साथै गाउँपालिकामा कार्यरत तोकिए बमोजिमका इन्जिनियरिङ सेवाका प्राविधिकहरुलाई साविक बमोजिमनै आगामि आ.व.मा फिल्ड भत्ता उपलब्ध गराउन आवश्यक बजेटको विनियोजन गरेको छु । साथै सवारी चालकलाई कार्यपालिकाले तोके बमोजिमको फिल्ड भत्ता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- जनप्रतिनिधी,  करार र अस्थाई कर्मचारीहरुको जिवन विमा कार्यलाई निरन्तरता दिइनेछ । यसका लागि जनप्रतिनिधि तथा करार र अस्थाई कर्मचारीहरुले व्यक्तिगत जिवन विमा गरी विमा पोलिसि र प्रिमियम तिरेको रसिद पेश गरेमा वार्षिक प्रिमियमको अधिकतम रु ४ हजार ८ सय एकमुष्ट सोधभर्ना दिइने छ । सो को लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- गाउँपालिकाको जे.सि.वि. र एम्बुलेन्से संचालनको लागी आवश्यक पर्ने चालकको तलव भत्ता, इन्धन र मर्मतको लागी आवश्यक बजेटकव विनियोजन गरेको छु ।
- वस्ति स्तरका योजना तथा कार्यक्रमहरु संचालन गर्नकोलागि प्रत्तेक  वडामा रु २४ लाखको दरले वडा स्तरको आयोजना संचालनको लागि एकमुष्ट **रु १ करोड ४४ लाख** विनियोजन गरेको छु ।

**सम्मानित सभाका सभाध्यक्ष महोदय,**

यस बजेटको कार्यान्वियनबाट यस गाउँपालिकाको भविष्य उज्वल हुनुको साथै समृद्व तथा विकसित बन्नेछ र याङवरकवासी तमाम दाजु भाई दिदी बिहानीको आय आर्जनमा वृद्दि हुंदै नेपाल सरकारले लिएको **"समृद्व नेपाल सुखी नेपाली"** भन्ने नारा र याङवरक गाउँपालिकाले लिएको “कृषि, वन, पर्यटन प्रवर्द्धन र समावेशी समाजको सृजना समाजवाद उन्मुख, दिगो विकाश र समृद्धि याङवरकको चाहना” नारा साकार हुनेछ भन्ने अपेक्षा लिएको छु । बजेटको कार्यान्वयनको लागि समग्र सरकारी, गैरसरकारी संघ संस्था, आम जनसमुदाय, वुद्दिजिवि, नागरिक समाज, राजनीतिक दल लगायत सबैले प्रभावकारी ढंगले आफ्नो भुमिका निर्वाह गर्नु हुनेछ भन्ने आशा, विश्वास लिएको छु ।

- अन्त्यमा प्रस्तुत बजेट तर्जुमा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।      सेवारो !!**